

# सम्मानपूर्ण जीवनका लागि सङ्घर्ष : चरीमाया तामाङ



- रचना खड्का

**मानव बेचबिखन जस्तो जघन्य अपराधविरुद्ध** अकल्पनीय लडाई लडेकी चरीमाया तामाङको जन्म २०३२ साल भदौ २४ गते सिन्धुपाल्चोक जिल्लाको हैबुङ गाउँ विकास समिति-३ मा भएको थियो । आमा गौरीलक्ष्मी तामाङ र बाबु लुकुमान तामाङका चार सन्तानमध्ये कान्छी सन्तान हुनुहुन्छ, चरीमाया । भौगोलिक दूरीका हिसाबले हैबुङ काठमाडौँबाट धेरै नजिक हुँदाहुँदै पनि मानवीय विकास र भौतिक विकासका दृष्टिकोणले धेरै दुर्गम थियो । खेती किसानी नै मुख्य पेशाका रूपमा रहेको हैबुङमा शिक्षाको महत्व र शिक्षाको पहुँच कम सरोकारका विषय थिए ।

जतिबेला चरीमायाको जन्म भयो, चरीमायाको परिवार पनि खेती किसानीमा नै अडेको थियो । उहाँका बाबु लुकुमान तामाङ गाउँघरमा सिकर्मी, डकर्मीको काम पनि गर्नुहुन्थ्यो । उहाँको परिवारलाई मेहनत गरेर दुई छाक खान पुगेको थियो । बाबुआमाले छोरीको पढाइमा चासो नदिएपनि जेठा दाजुले बहिनी चरीमायालाई स्कूल पठाएका थिए । चरीमायाले पाँच कक्षासम्म त पढ्नुभयो, त्योभन्दा अगाडि पढ्नका लागि आफ्नो गाउँमा  स्कूल थिएन । अर्को गाउँको स्कूलमा पुग्न नै दुई घण्टा लाग्थ्यो । पढ्ने रहर त थियो तर नजिकै स्कूल थिएन । टाढा गएर पढ्न सम्भव भएन र उहाँको पढाई बीचैमा रोकियो । स्कूल जान नपाएपछि चरीमायाको दैनिकी घाँस दाउरामा नै बित्न थाल्यो । त्यही समयमा बाबु लुकुमानको निधन भयो ।

२०५० साल चैत्र महिना चरीमाया तामाङको जीवनमा एउटा त्रासदीपूर्ण समय बनेर आयो । सधैं झैं उहाँ घाँस काट्न भनी शिवपुरीको जङ्गलमा जानुभएको थियो । साथीहरू निस्की सकेकाले जङ्गलमा एक्लै पर्नुभयो । जङ्गलबाट निस्कदै गर्दा अकस्मात् सिठ्ठीको आवाज सुनियो । लाग्यो, जङ्गलमा घास काटेको आर्मीहरूले देखेछन्, अब कारबाहीमा परिने भइयो । तर जब चार जना व्यक्तिहरूले आएर घेरे उनीहरू आर्मी होइन रहेछन् भन्ने थाहा भयो । उनीहरूले चरीमायालाई हामीले भनेको ठाउँमा हिँड भनी धम्काए । नमानेपछि जागिर लगाउँछौं, हामीले भनेको मान भनी फकाए । अझै नमानेपछि कुटपिट गरे, अन्तिममा कुनै खानेकुरा खुवाई बेहोस बनाए । त्यसपछि बिउझिँदा आफू गोरखपुर भन्ने ठाउँमा रहेको थाहा पाउनुभयो । चरीमायाले आफूलाई फर्काइदेओ भनेर धेरै रोइकराई- हारगुहार गर्नुभयो तर फेरि बेहोस् बनाइयो । बिउँझिदा अँधेरी भन्ने ठाउँमा पाउँनुभयो । त्यहाँबाट एउटी महिला जो नेपाली र तामाङ भाषा दुबै बोल्थिन् उनको जिम्मा लगाएर उनीहरू फर्किए । ती महिलाले ट्याक्सीमा राखेर चरीमायालाई लिएर गइन् ।

यतिबेलासम्म चरीमायाले आफू बेचिएँ भन्ने कुरा थाहा पाइसक्नु भएको थियो । किनभने उहाँले गाउँमै चेलिबेटी बेचबिखनबारे केही कुरा सुन्नुभएको थियो । यस्तै, नेपालबाट केटीहरूलाई गोरखपुर हुँदै बम्बई लगेर बेच्छन् भन्ने सुनेको र गोरखपुर मुम्बई लेखिएका होडिङबोर्डहरू हेरेर उहाँले आफू बेचिएँ भन्ने त थाहा पाउनुभयो तर जति उम्किन खोज्दा, रोईकराई गर्दा पनि केही लागेन । ती महिलाले जबरजस्ती चरिमायालाई मुम्बई पुऱ्याइन् ।

चरीमायाको जीवनमा साह्रै दर्दनाक र वीभत्स दिनको शुरुवात भयो । दुई दिनसम्म एउटा कोठामा थुनेर राखियो । चरीमाया आफ्ना दर्दनाक र वीभत्स दिनको आभाषले मात्रै पनि आत्तिन थाल्नुभयो । त्यहाँबाट उम्कन नसक्ने देखेपछि यस्तो जिन्दगी बाँच्नुभन्दा मर्छु भन्ने निर्णय गरी थुनेर राखिएको कोठाको भेन्टिलेसनमा आफ्नो सलको पासो लगाई भुण्डिने प्रयत्न भयो तर  सल चुँडियो । चाहेर पनि मृत्यु भएन ।

मुम्बई लगेको तेस्रो दिन चरीमायालाई कोठीमा पुऱ्याइयो । जवरजस्ती देहव्यापारमा लगाउन खोजियो, ग्राहकहरू आउन थाले उहाँ मान्नुभएन, रोइ-कराइन्, प्रतिकार गर्नुभयो । जे यातना दिँदा पनि नटेर्ने भएपछि चरीमाया माथि सामूहिक बलात्कार गराइयो । सुरुमा धेरैलाई यस्तै गरिँदो रहेछ । चरीमायाको शरीर जिउँदो लाश जस्तो भयो । उपचार गराए, एक हप्तापछि जेनतेन शरीर तङग्रियो । त्यसैगरी बेचिएर त्यहाँ पुगेका अरू दिदी बहिनीहरूले "तिमीलाई मार्छन्, बाँच्ने हो भने यिनीहरूले भनेको मान, हामीले पनि शुरुमा यस्तै अस्वीकार गरेको हो तर आत्मसमर्पण गर्नुको विकल्प रहेन" भनी फकाउन थाले । चरीमायालाई अब आफू कोही हुँ भन्ने लाग्नै छाड्यो । मेरो कोही छ भन्ने पनि लागेन, आफैँले आफैँलाई म कोही होइन, मेरो कोही र केही छैन भन्ने लाग्न थाल्यो । आत्मसमर्पण गर्नुको विकल्प रहेन । चरीमायालाई  'तँलाई हामीले किनेर ल्याएका हौं, यहाँ बसेर मन लगाएर हामीले भनेको मानेर काम गरिस् भने ३ वर्षमा तलाई किनेको ऋण तिरिसक्छेस् अनि घर पठाउँला' भनी फकाउन थाले कोठी सञ्चालकहरूले । चरीमायाको मनमा आशाको धिपधिपे दियो बल्न थाल्यो । अब छिटोछिटो ऋण तिरेर यो नारकीय जीवनबाट मुक्त हुने सपना देख्न लाग्नुभयो । अरू विकल्प नै के थियो र ? उहाँमा भाग्छु भन्ने सोच आउँथ्यो तर पनि कुनै उपाय थिएन । करिब २२ महिना बिताएको यो नारकीय समयमा उहाँले धेरै कुरा देख्नुभयो । जवरजस्ती देह व्यापार गराइने नर्क जस्ता कोठीहरूमा आउने ग्राहकहरू देखेर चकित पर्नुहुन्थ्यो । ठूलाठूला पुलिस अफिसर,

सरकारी कर्मचारी, स्वस्थ-अस्वस्थ्य, धनी-गरीव, निरीह-पहुँचवाला सबै आइपुग्थे । ६-७ महिनासम्म त कसैले निकालिदेला कि, भाग्न सकिन्छ कि भन्ने खुब आशा लाग्थ्यो तर त्यसपछि त नियति यही रै'छ जस्तो लाग्न थाल्यो ।

चरीमायालाई ३ वर्ष कटाएर नेपाल फर्कने झिनो आशाले मात्र जीवित राखेको थियो । यो कष्टकर र साह्रै अपमानपूर्ण जीवन व्यतित गरेको बेला पनि चरीमाया स्वस्थ्य शरीर लिएर नेपाल फर्कन पाएँ भने मैले जस्तो जीवन अरू दिदीबहिनीले भोग्न नपरोस् भनेर केही न केही गर्छु जस्तो लाग्थ्यो । ठूलो कुरा हैन- मात्र गर्भवती हुनबाट बचेर, ठूलो रोगबाट बच्न पाएँ भने पुग्यो, यो भन्दा अरू चाहना केही थिएन । छिनछिनमा आफ्नो शरीरको मूल्य तोकिएको निर्लज्ज दृश्य आँखाअगाडि हेरेर आफूलाई जिउँदो लासको कल्पना गर्नुहुन्थ्यो चरीमाया र अन्य महिलाहरू जो विभिन्न कारणले त्यहाँ पुऱ्याइएका थिए ।

१९९६ फ्रेब्रुअरी ५ तारिखको दिन अकस्मात चरीमाया उक्त दर्दनाक ठाउँबाट उद्दार भइन । भारतको महाराष्ट्र पुलिसले मुम्बईमा भएका ब्रोथल (कोठी)हरूबाट १८ वर्षभन्दा कम उमेरका बालिकाहरूलाई निकाल्ने भन्ने योजनाअर्न्तगत चरीमाया जस्तै १८ वर्षभन्दा कम उमेरका बालिकाहरू उद्दार गरिएको रहेछ । सबै अपरेशनमा पाँच सय जति बालिकाहरू उद्दार गरिएको थियो । त्यसमा दुई सय ५० भन्दा बढी त नेपाली बालिकाहरू नै थिए । बाँकी भारत र बङ्गलादेशका थिए ।

चरीमाया कहालीलाग्दो दुनियाबाट त बाहिर आउँनुभयो तर अब जाने कहाँ - अन्यौल थियो । भारत र बङ्गलादेशले त एउटा प्रक्रिया पुऱ्याएर आफ्ना नागरिकहरूलाई जिम्मा लियो । नेपाल सरकारले अनेक बहाना देखाएर नेपाली किशोरीहरूलाई जिम्मा लिन आनाकानी गर्न थाल्यो । नागरिकता, जन्मदर्ता वा आधिकारिक कागजपत्र नभई जिम्मा लिन नसकिने कुरा गर्न थाल्यो । १०/१५ वर्षको उमेरमा बेचिएर त्यहाँ पुग्ने चरीमायाहरूसँग यी सबै कागजपत्र हुने कुरा सम्भव नै थिएन । उद्दार गरिएका महिलाहरूलाई लगभग ६ महिना महाराष्ट्र पुलिसले विभिन्न सरकारी गृहहरूमा राख्यो, त्यही बीचमा कति किशोरीहरू अनिश्चित भविष्यसँग आत्तिएर त्यहाँबाट भागे, कतिको मृत्यु नै भयो, कतिले बिहे गरे ।

यसरी उद्धार गरिएका किशोरीहरूलाई सहज रूपमा नेपाल फर्काउन पर्छ भनेर नेपालमा विभिन्न सामाजिक सङ्घ संस्था मानव अधिकारकर्मीहरूले सरकारलाई दबाब दिन थाले र अन्ततः १९९६ जुलाई (वि.सं. २०५३) मा बाँकी रहेका एक सय

२८ जना किशोरीहरूलाई नेपाल ल्याइयो । तिनै मध्येकी एक जना थिइन् चरीमाया तामाङ ।

एक सय २८ जनालाई नेपाल फर्काउन भारतीय अभिनेता सुनिल सेठ्ठीले लाग्ने सम्पूर्ण हवाई भाडा तिरिदिएर ठूलो मानवीय गुण लगाए । नेपाल फर्किएका चरीमाया सहित १२८ जना युवतीहरूलाई बिभिन्न ७ वटा संस्थाले जिम्मा लिएर आश्रय दिए । चरीमाया तामाङ नवज्योति केन्द्र बालुवाटारको आश्रयमा बस्नुभयो ।

कष्टपूर्ण अध्यारो संसारबाट निस्किएर चरीमाया आफ्नै देश त फर्किनुभयो, तर अध्यारो संसारबाट फर्किएर उज्यालोमा आइपुग्नुभएको थिएन । नेपाल फर्किएपछि चरीमाया लगायतले जे अपमान भोगे त्यो उहाँका लागि मुम्बईमा गरिएको आफ्नो शरीरको मोलमोलाईभन्दा कम पीडादायी थिएन । बिग्रिएर आएकी, एड्स सार्छे, हाम्रा छोरीहरूलाई पनि बिगार्छे, यसलाई समाजभन्दा टाढा राख्नुपर्छ जस्ता भनाइ र आरोपहरू त सामान्य थियो । एक त कमजोर शरीर, विक्षिप्त र मानसिक रूपमा आहत मन अर्कोतिर समाजको, घरको आरोप । हो, त्यस्तै निपष्ट्ट अँध्यारोको बीचमा चरीमायाले सङ्कल्प गर्नुभयो-अब जीवनको उज्यालो आफैं खोज्नुपर्छ, जीवनमा रङ्गहरू आफैँ भर्नुपर्छ । यो अपमानित जीवनलाई सम्मानित बनाउनुपर्छ । मैले जीवनमा जे कष्ट भोगेँ अरूलाई यो कष्ट भोग्न नपर्ने बनाउनु पर्छ ।

चरीमायाले आफूमाथि भएको अपराध र अन्यायको विरुद्ध लड्नु पर्छ, न्याय खोज्नुपर्छ । चेलीबेटी बेचबिखनजस्तो जघन्य अपराधमा संलग्नहरूलाई कानूनको कठघरामा उभ्याउनु पर्छ भन्ने अठोट गर्नुभयो । एउटा सामान्य निरीह र कमजोर, पीडाले थलिएकी किशोरी चरीमायामा छुट्टै आँट साहस र प्रतिबद्धता आउन थाल्यो । दुःख र पीडालाई आँट र साहसले जित्न थाल्नुभयो ।

चरीमायाले नवज्योति केन्द्र र अन्य संस्थाहरूले दिने तालिमहरू, अन्य मनोबिमर्शहरू लिन थाल्नुभयो ।उहाँले महसुस गर्नुभयो- यति ठूलो अपराधको शिकार भई कठीन सङ्घर्ष पश्चात् घर फर्किएका आफ्नै छोरीहरूलाई घर परिवारले समेत साह्रै अवहेलनाको व्यवहार गर्दो रहेछ । बिस्तारै आफूसँग फर्किएका दिदी बहिनीहरूलाई आड भरोसा हौसला हिम्मत दिने काम एक आपसले गर्न थाले । बिस्तारै घर जान चाहने दिदी बहिनीहरूलाई घर फर्काउन थालियो । चरीमाया पनि उनीहरूलाई घरसम्म पुऱ्याउन जानुभयो । यसरी पुऱ्याउन जाँदा कोही बेस्करी गाली गर्थे, अपराधीझैं व्यवहार गर्थे, कोही साह्रै अनुग्रहित हुन्थे- माया मारेकी छोरी फर्केर

आई भन्थे । तर यसरी फर्काइएकी छोरीलाई हार्दिकताका साथ परिवारले स्वीकारेको कमै देख्नुभयो चरीमायाले ।

अरूलाई घर पुऱ्याउन जाने चरीमायालाई अब भने आफ्नै गाउँ हैबुङ जानु थियो । उहाँले नयाँ जीवनको शुरुवात त गरिसक्नुभएको थियो । चरीमायालाई लाग्यो, यस्तो घटनालाई लुकाउने होइन सार्वजनिक गर्नुपर्छ र मानव बेचबिखन गर्ने दलालहरूलाई सजायँ गर्नुपर्दछ, अनि मात्रै हाम्रा बहिनीहरूलाई यस्तो अपराधबाट जोगाउन सक्छौं । उहाँले विभिन्न एफएम तथा पत्रपत्रिकाहरूमा आफुलाई बेच्ने दलालहरूका विरुद्ध लडछु भन्दै घटनाको बारेमा अन्तर्वार्ता दिनुभएको थियो । यस्तै मनस्थिति बोकेर नेपाल फर्किएको ६ महिनापछि चरीमाया आफ्नो प्यारो गाउँ जान भनेर हिँड्नुभयो तर घरको अवस्था अर्कै थियो । आँगनभरि मान्छेहरू जम्मा भएर बसेका थिए । कसैका हातमा कोदालो, कोदालीका बिँड थिए । उहाँले घरको आँगन टेक्नै नपाई सारा गाउँले एकमुख लागेर कराउन थाले- "आफू त बिग्रेर आइस्, अरूलाई पनि बिगार्ने भइस्, तँलाई ठूलो रोग लागेको छ, अरूलाई पनि सार्छेस् । अब यसलाई घरभित्र छिर्न दियो भने कुल रिसाउँछन् । त्यसैले घरमा छिर्न मिल्दैन" भन्दै उनलाई दुर्व्यवहार गर्न थाले । उहाँकी आमा र दाइहरू निरीह बन्न पुगे गाउँलेका सामु । यत्रो दुःखका पहाड नाघेर आइपुगेकी छोरीलाई आमाले एकपटक मुसार्न पनि सकिनन् । यति लामो वियोगको पीडाले छटपटाएकी चरीमायाले पनि आमाको न्यायो माया प्राप्त गर्न सक्नुभएन । एकैछिन पनि नबसी उहाँ त्यहाँबाट हिँड्नु पऱ्यो । उहाँले हिँड्ने बेला सम्पूर्ण गाउँलेको अगाडि भन्नुभयो- "म रहरले बेचिएकी होइन । मलाई जबर्जस्ती त्यहाँ पुऱ्याइयो । म बाँचेर आएकी छु । अब म बेच्नेलाई छोड्दिन, कानूनी लडाइँ लडछु ।" चरीमायाको ठूलोबुबा त्यतिबेला वडाअध्यक्ष हुनुहुन्थ्यो । चरीमायाका त्यति कुरा सुनिसकेपछि ठूलो बुबाले उहाँको दाइलाई सम्बोधन गरेर "यो कानूनी लडाइँ लडछु भन्छे, यस्तो बेला अभिभावकको साथ चाहिन्छ । तँ बहिनीको साथमा जा, एक्लै नछोड" भनेपछि दाइको सहयोग पाउनुभयो । ठूलोबुबाको त्यति वचनले ठूलो राहत मिल्यो ।

आफूलाई बेच्ने दलालका विरुद्ध चरीमायाले कानूनी लडाइँ शुरु गर्नुभयो । ती सबै मान्छेका नाम, ठेगाना पत्ता लगाएर सदरमुकाम चौतारा गएर उजुरी हाल्नुभयो । संयोग के परेछ भने ती आरोपित व्यक्तिहरू सार्वजनिक मुद्दामा थुनामा रहेछन् । भोलिपल्ट छुट्दै रहेछन्, चरीमायाको उजुरी पछि थुनामै राखेर अनुसन्धान शुरु भयो । मुद्दा चल्यो चरीमायाको आरोप प्रमाणित भयो, उहाँको जितले दलालहरू

थुनामा परे । गाउँमा पनि विभिन्न अवसरमा चेतनामूलक नाटकहरूमार्फत आफू कसरी बेचिएँ, कस्तो जिन्दगी बिताउन बाध्य भएँ भन्ने कुरा देखाउनुभयो । अब गाउँमा उहाँलाई अलिक राहत मिल्यो । हिजो अपमानित व्यवहार गर्ने गाउँलेहरूले बिस्तारै चरीमायालाई माया, विश्वास गर्न थाले ।

जीवनमा धेरै कुराको आवश्यकता परे तापनि आफ्नै आत्मविश्वासले मात्रै सङ्घर्षमय जीवन जिउन सकिन्छ । आत्मविश्वासले मात्रै व्यक्तिले आत्मसम्मान प्राप्त गर्न सक्छ भन्ने मान्यता राख्ने चरीमाया तामाङ कुनै व्यक्तिको आत्मसम्मानमा चोट पुऱ्याउनु भनेको उसलाई मानवका रूपमा स्वीकार नगर्नु हो भन्नहुन्छ । त्यसैले त चरीमाया आफूजस्तै बेचबिखनमा परेर फर्किएका दिदीबहिनीहरूको जीवनमा आत्मविश्वास भर्न र आत्मसम्मान फर्काउने अभियानमा लाग्नुभयो । आफ्नै घर परिवार र समाजबाट छिः छिः र दुरदुरको व्यवहार खपिरहेका कति साथीहरू एचआईभी एड्सको सङ्क्रमणले जीर्ण भइसकेका थिए । खाने बस्ने ठेगान थिएन । आफ्नैले आफ्नै घरमा एक रात बास बस्न दिएनन् । यस्तो अवस्थामा चरीमाया तामाङ, सुनिता दनुवार जस्ता आफैँ पीडित भएर फर्किएका १६ जना महिलाहरू मिली आफू जस्तैका लागि काम गर्न भनेर सन् २००० मा शक्ति समूह नामक संस्थाको गठन गरे । यसमा  सिविन, एबिसी नेपाल, ओरेक, नवज्योति केन्द्र जस्ता संस्थाहरूको महत्वपूर्ण योगदान तथा सक्रियता थियो । यो नै मानव बेचबिखनमा परी यौनकर्मी बन्न बाध्य बनाइएर फर्किएका महिलाहरूको लागि काम गर्ने पहिलो संस्था थियो । जसले आफन्तहरूबाट अपहेलित भएका, अपमानपूर्ण जीवन बिताउन बाध्य भएका, विभिन्न कारणले समाजमा पुनर्स्थापना हुन नसकेका महिलाहरूलाई आश्रय दिने, उनीहरूका लागि कानूनी लडाइँ लड्न सहयोग गर्ने, आत्मनिर्भरताको तालिम दिने, चेलीबेटी बेचबिखनको बिरुद्धमा विभिन्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने, सकेसम्म त्यस्ता महिलाहरूलाई आफनो घर परिवार समाजमा फर्काउने काममा सहयोग गर्ने जस्ता कामहरू गर्न थाल्यो । जसको आफ्नो कोही छैन उसका लागि ठूलो सहारा बन्न पुग्यो शक्ति समूह ।

चरीमाया र समूहमा आवद्ध महिलाहरूले आफूलाई यिनै काममा समर्पित गर्नुभयो र शक्ति समूहको सफलता चुलिदैं गयो । चरीमायाको योगदानको कदर गर्दै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारहरूद्वारा सम्मानित गर्न थालियो । चरीमायाले “आधुनिक दासता अन्त्यका लागि कार्यरत नायक, २०११ (Hero Acting to End Modern – Day Slavery Award, 2011) जस्तो सम्मानित अन्तर्राष्ट्रिय सम्मान

प्राप्त गर्न सफल हुनुभयो, जुन पुरस्कार तत्कालीन अमेरिकी प्रथम महिला हिलारी क्लिन्टनबाट प्रदान गरिएको थियो । यो ठूलो अन्तर्राष्ट्रिय पुरस्कार बाहेक अन्य थुप्रै सम्मानहरू प्राप्त गर्नुभएको छ । हालै मात्र उहाँले दयाराम परियार स्मृति मानव अधिकार सम्मान-२०१६ प्राप्त गर्नुभएको छ । शक्ति समूहले एशियाको नोबेल पुरस्कार भनेर मानिने अत्यन्तै प्रतिष्ठित रोमन म्याग्सासे अवार्ड-२०१३ समेत प्राप्त गरेको छ । चरीमाया आज पनि शक्ति समूहमार्फत नेपाली महिलाहरूको सम्मानित जीवनका लागि सङ्घर्षरत हुनुहुन्छ ।

चरीमाया तामाङले जिन्दगी अब जिन्दगी नै रहेन भन्ने अत्यासलाग्दो समयमा जीवनज्योति खोज्नुभयो । बिग्रेकी केटी भनेर आफ्नै आमाको मृत्युको अन्तिम संस्कारमा समेत सहभागी हुन दिइएन । उहाँले जीवनमा धेरै तिरस्कार र अपमान सहनुभयो, जसले उहाँको मनलाई छियाछिया पार्दथ्यो तर उहाँ थाक्नुभएन । हिँड्न शुरु गर्नु मुख्य कुरा हो, हिँड्दा ठेस लाग्नु स्वाभाविक हो भन्ने महसुस गरेर अगाडि बढ्नुभयो । तर हिँड्न खोज्दा आफन्तले पुऱ्याउने चोट र आफ्नै मान्छेले गर्ने अपमानले धेरै पोल्दोरहेछ भन्ने पीडादायी अनुभूति भने उहाँको मनमा ताजै छ ।

पाँच कक्षाबाट पढाइ रोकेकी चरीमायाले फेरि अध्ययन शुरु गर्नुभयो, फर्किएको पाँच वर्षपछाडि बिहे गर्नुभयो, घर व्यवहार सम्हाल्नुभयो । क्रमशः समाजले उहाँलाई सम्मानपूर्ण व्यवहार गर्न सुरु गऱ्यो । १६ वर्षको उमेरमा बेचबिखनमा परेर कष्टपूर्ण समयलाई पार गरेर बल्ल जीवनमा रङग भरे जस्तो भएको थियो तर आफ्नै घरभित्र आफ्नै जीवनसाथीबाट उहाँले यो सम्मानपूर्ण व्यवहार प्राप्त गर्न सक्नुभएन । आफैँलाई घरेलु हिंसामा परेको अनुभूति भयो । उहाँका लागि यो अपमान असह्य भयो, अनि गाँसिएको सम्बन्धमा रमाएर बस्न सक्नुभएन । अहिले चरीमाया तामाङ्ग आफ्नो दुई छोरीहरूको पालनपोषण र पढाइ लेखाइको जिम्मेवारी एक्लै बहन गर्दै आफ्नो जीवनलाई अगाडि बढाइरहनु भएको छ ।

घोर निराशाका बीचमा आशाको किरण देख्ने, अनेकौं प्रतिकूलतामा पनि गोरेटो निर्माण गर्न सक्ने चरीमायाको सङ्घर्षपूर्ण जीवन हामी सबैको लागि प्रेरणाको श्रोत हो । भोलिको उज्यालोको आशामा आजको कष्टपूर्ण समयसँग जुध्नेहरूका लागि उत्प्रेरणा हो, चरीमाया ।